**नेपाली / *NEPALI***

साझा प्रशासनको सहभागिता समर्थन गर्ने

*University of Wisconsin–Madison* सहकार्य र सेवा प्रतिको समर्पणबाट चलेको छ। जब हामी साझा प्रशासन अंगाल्छौं र हाम्रो वरपरका आवाजहरूको प्रतिक्रियालाई विचार गर्दछौं, हामी *UW–Madison* मा एउटा समुदाय बनाउँदछौं जहाँ कर्मचारी र विद्यार्थीहरूको विकास हुन सक्दछ।

हाम्रो निर्णय लिने बेजोड तरिकामा सहकार्य प्रक्रिया समावेश छ जसमा संकाय, शैक्षिक र विश्वविद्यालयका कर्मचारीहरू र विद्यार्थीहरूले आफ्नो सोच र प्रतिक्रियाहरू प्रदान गर्न सक्दछन्। यस सक्रिय सहभागिता र समावेशी विधिले अझै सोचविचार गर्नुपर्ने ठाउँ प्रदान गर्दछ।

विश्वविद्यालयका अगुवाहरूको रूपमा साझा प्रशासन प्रति हामी प्रतिबद्ध रहेका छौं। प्रशासनमा कर्मचारी सहभागिता हुनु हाम्रो विश्वविद्यालयलाई बलियो बनाउने र व्यावसायिक र व्यक्तिगत वृद्धिको लागि अवसरहरू प्रदान गर्ने एक तरिका हो।

हामी तपाईंलाई संकाय, शैक्षिक कर्मचारी र विश्वविद्यालयका कर्मचारी सदस्यहरू बीच साझा प्रशासन सहभागितालाई प्रोत्साहन गर्न हामीसँग सामेल हुनुहुँदा आभारी छौं। कृपया याद गर्नुहोला कि कर्मचारीहरूलाई कामको समयमा, तलब नोक्सान नहुने तरिकाले, यी गतिविधिहरूमा संलग्न हुन अनुमति दिनुपर्दछ।

तपाईंले यस वर्ष कर्मचारी बैठकहरू आयोजना गर्नुहुँदा, क्याम्पसव्यापी र स्कूल, कलेज, विभाग र डिभिजन स्तरहरूमा प्रशासनका अवसरहरू छलफल गर्न समय बनाउनुहोला। सो समयमा, औपचारिक प्रशासनमा संलग्नता र कार्यस्थलको निर्णय प्रक्रियामा सहभागिता हाम्रो विश्वविद्यालयमा मूल्यवान छ भनी सबै कर्मचारी समूहलाई जोड दिनुहोला।

साझा प्रशासनको बारेमा थप जानकारीको लागि, कृपया https://www.wisc.edu/governance/ वेबसाईट हेर्नुहोला।

*University of Wisconsin–Madison* को साझा प्रसाशन प्रतिको तपाईंको निरन्तर समर्थनको लागि धन्यवाद !